डिलासैनी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

डिलासैनी, बैतडी

**कार्यपालिका बैठक नं. २२**

मिति २०८०।०९।२५ गते, ११:०० बजे

डिलासैनी गाउँपालिका अध्यक्ष श्री सन्तोष प्रकाश जोशी ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको २२ औं बैठक २०८० साल पुष २५ गते बिहान ११:०० बजे बुधबारका दिन बसी देहायका निर्णयहरु गरियो ।

**उपस्थिति:**

श्री सन्तोष प्रकाश जोशी (गाउँपालिका अध्यक्ष)

श्री भगीरथ बोहरा (गाउँपालिका उपाध्यक्ष)

श्री कृष्ण कुमार धामी(सदस्य)

श्री नवराज घरडी (सदस्य)

श्री रघुविर बोहरा (सदस्य)

श्री हरी दत्त पन्त (सदस्य)

श्री यज्ञ राज भट्ट (सदस्य)

श्री उत्तर बहादुर बोहरा (सदस्य)

श्री प्रकाशमणी भट्ट (सदस्य)

श्री कलावती लुहार (सदस्य)

श्री कविता भूल (सदस्य)

श्री दुर्गा धामी (सदस्य)

श्री मानमती लुहार (सदस्य)

श्री बिमला बोहरा (सदस्य)

श्री शारदा बोहरा (सदस्य)

श्री नवराज जोशी(सदस्य सचिव)

CamScanner

**कार्यपालिका बैठकमा पेश भएका प्रस्ताव र पारित भएका निर्णयहरु:**

**प्रस्ताव नं. १:** पालिका लेटरप्याड/स्टयाम्पहरुको मापदण्ड निर्धारण र प्रयोग सम्बन्धमा ।

**निर्णय नं. १** डिलासैनी गाउँपालिकाको पालिकाको लेटरप्याडमा देहाय बमोजिमका मापदण्ड अनुसार कार्यान्वयन गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

१. स्थानीय तहको लेटर हेडमा बायाँ तर्फ नेपाल सरकारको निशान छाप बीचमा स्थानीय सरकार भनी उल्लेख गर्ने र दायाँ तर्फ पालिकाको निशान छाप उल्लेख गर्नुपर्ने, कालिमाटी फन्ट, फन्ट साइज १० र बोल्ड, रातो रङ्गको अक्षर हुनुपर्नेछ।

२. त्यस पश्चात हेडर मै बीचमा डिलासैनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र डिलासैनी, बैतडी लेख्ने कालिमाटी फन्ट बोल्ड, रातो रङ्गको अक्षर क्रमशःफन्ट साइज १२, १६, १२ हुनुपर्नेछ ।

३. दाँया साइडमा सुदूरपश्चिम प्रदेश, नेपाल भनी उल्लेख गर्ने बोल्ड, रातो रङ्गको अक्षर कालिमाटी फन्ट, फन्ट साइज १० हुनुपर्नेछ ।

४. पेजको बीचमा निशान छापको वाटरमार्क राखुपर्नेछ ।

५. फुटरको बीचमा पहिलो लाइनमा स्थानीय तहको नारा अथवा नेपाल सरकारको नारा उल्लेख गर्नुपर्नेछ । साथै कार्यालयका वेबसाइट, ईमेल र सम्पर्क नम्बर उल्लेख गर्नुपर्नेछ ।

स्थानीय सरकार

डिलासैनी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

डिलासैनी, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०८०/०८१ च.नं. (---------- शाखा)

मितिः-२०८०/०९/२२

"व्यवसायिक निजामति प्रशासनः विकास समृद्धि र सुशासन"

वेबसाइटः ईमेलः सम्पर्क नं.

**प्रस्ताव नं. २:** पालिका निशान छाप र पालिका गान मूल्याङ्कन समिति गठन सम्बन्धमा ।

**निर्णय नं. २** डिलासैनी गाउँपालिकाको निशान छाप र पालिका गान छनौटका लागि देहाय बमोजिमको मूल्याङ्कन समिति गठन गर्ने निर्णय पारित गरियो ।

**मूल्याङ्कन समितिः**

१. प्रमुख प्रशासकीय अधिकृत - संयोजक

२. कानून अधिकृत - सदस्य

३. सूचना अधिकारी - सदस्य

४. प्रशासन शाखा - सदस्य-सचिव

**प्रस्ताव नं. ३:** समपरिक्षण सम्बन्धमा ।

**निर्णय नं. ३** डिलासैनी गाउँपालिकाको गत आर्थिक वर्षहरुको सबै प्रकारका बेरुजुहरुलाई समपरीक्षण समितिले तयार गरेको एकिकृत तथ्याङ्कलाई महालेखा नियन्त्रक कार्यालयमा समपरीक्षणका लागि सिफारिस गरि प्रतिनिधि सहित पठाउने निर्णय पारित गरियो ।

CamScanner

# डिलासैनी गाउँपालिकाको बेरुजुको एकिकृत विवरण

| आर्थिक वर्ष २०७४।०७५ | | | | |
|---|---|---|---|---|
| बेरुजु रकम | असुल उपर | नियमित गर्नुपर्ने | प्रमाणपत्र पेश गर्नुपर्ने | पेश्की |
| १६२२४००० | १९६९००० | ७१०००० | १३२४५००० | ३००००० |

| आर्थिक वर्ष २०७५।०७६ | | | |
|---|---|---|---|
| बेरुजु रकम | असुल उपर | नियमित गर्नुपर्ने | पेश्की |
| ५६४५४००० | ६९५५००० | ४९२६२००० | २३७००० |

| आर्थिक वर्ष २०७६।०७७ | | | | |
|---|---|---|---|---|
| बेरुजु रकम | असुल गर्नुपर्ने | प्रमाण पेश गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेश्की |
| ५२०२१००० | ९३००० | २१११८००० | ८४४००० | २०६७९००० |

| आर्थिक वर्ष २०७८।०७९ | | | | |
|---|---|---|---|---|
| बेरुजु रकम | असुल उपर | प्रमाणपेश गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेश्की |
| ९२९४०००० | ३०१०००० | ४८०२७००० | ३५२५८००० | ६६४५००० |

| आर्थिक वर्ष २०७७।०७८ | | | | |
|---|---|---|---|---|
| बेरुजु रकम | असुल उपर | प्रमाण पेश गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेश्की |
| १०२४९०००० | १५०४००० | ३६१२४००० | १८०१००० | ६३०६१००० |

| आर्थिक वर्ष २०७९।०८० | | |
|---|---|---|
| गत वर्षसम्मको बेरुजु | यो वर्ष कायम बेरुजु | अद्यावधिक बाँकी बेरुजु |
| ३१९३३५००० | ७४२१९००० | ३९३५५४००० |

**प्रस्ताव नं. ४: प्रदेश योजना संशोधन सम्बन्धमा ।**

**निर्णय नं. ४** डिलासैनी गाउँपालिका अन्तरगत सुदूरपश्चिम प्रदेश सरकारबाट हस्तान्तरित सशर्त अनुदान आयोजना तथा कार्यक्रम संशोधन गर्नुपर्ने भएका विषयगत क्षेत्र तथा स्वीकृत बजेटमा फरक नपर्ने गरी संशोधन गर्नुपर्ने पुष्ठ्याईका आधारमा सिफारिस गर्ने निर्णय पारित गरियो ।

**संशोधन गर्नुपर्ने योजनाहरुको सूची:**

| क्र.सं. | योजनाको नाम | भएको | हुनुपर्ने |
|---|---|---|---|
| १ | विनाबादी बस्ती विकास | डिलासैनी ६ | डिलासैनी ५ |
| २ | बाङ्गाबगर घेरबार निर्माण | डिलासैनी १ | डिलासैनी ६ |

**प्रस्ताव नं. ५: शिक्षाको साझेदारी कार्यक्रम सम्बन्धमा ।**

**निर्णय नं. ५** डिलासैनी गाउँपालिका र शिक्षा विकास तथा समन्वय इकाइ बैतडीको सहकार्य र साझेदारीमा पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रवोधिकरणका लागि साझेदारी शिर्षकबाट रु.२,२०,०००।(अक्षरेपी दुई लाख बीस हजार मात्र) रकम विनियोजन गरि साझेदारीमा कार्यक्रम संचालन गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ६: करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।**

**निर्णय नं. ६** डिलासैनी गाउँपालिकामा करार सेवामा कार्यरत स्वास्थ्य, शिक्षा, कृषि, पशु र अन्य सेवाका कर्मचारीहरुको आर्थिक वर्ष २०८०।०८१ श्रावण १ गते बाट सम्झौता भई काम गरि रहेका कर्मचारीहरुको माघ १ गते बाट लागु हुने गरी असार मसान्त सम्म म्याद थप गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ७: विषय परिवर्तन तथा स्वीकृती दिने सम्बन्धमा ।**

**निर्णय नं. ७** डिलासैनी गाउँपालिका अन्तरगतका तपसिल बमोजिमका विद्यालयहरुको देहायका विषयहरु परिवर्तन तथा स्वीकृती दिने निर्णय पारित गरियो ।

| विद्यालयको नाम | तह | विषय | परिवर्तन गरिएको विषय | कैफियत |
|---|---|---|---|---|
| श्री मठैराज मावि | मावि गापा अनुदान | विज्ञान | गणित विज्ञान | |